लुम्बिनी प्रदेश सरकार

उद्योग, पर्यटन तथा सहकारी मन्त्रालय

# सहकारी दर्ता अधिकारीको कार्यालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या: ०८०/८१

च.नं.

## सहकारी संघ/संस्थाहरुले बार्षिक प्रतिवेदन पेश गर्ने सम्बन्धी सूचना ।

(दोस्रो पटक प्रकाशित मितिः २०८१/०२/२४)

सहकारी संघ/संस्थाहरुले आर्थिक बर्ष समाप्त भएको मितिले ६ महिनाभित्र बार्षिक साधारण सभा सम्पन्न गर्ने र सोको प्रतिवेदन सभा सम्पन्न भएको मितिले १५ दिनभित्र नियमनकारी निकायमा पेश गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । तर आ.व २०८०/८१ मा यस कार्यालयको नियमन क्षेत्राधिकार भित्रका २१४ सहकारी संघ/संस्थाहरुले मात्र साधारण सभा सम्पन्न गरी सोको प्रतिवेदन यस कार्यालयमा दर्ता गरेका छन् ।यसरी धैरै सहकारी संघ/संस्थाहरुले साधारण सभाको प्रतिवेदन पेश नगरेको पाईएकोले यथाशिघ्र साधारण सभा ( साधारण सभा नबसेको संघ/संस्थाले विशेष साधारण सभा गरी) को प्रतिवेदन पेश गर्न (तल उल्लेखित कागजातहरु संलग्न गरी) पुन: निर्देशन गरिन्छ ।

सहकारी संघ/संस्थाको लेखापरिक्षण तथा साधारण सभा सम्पन्न गर्नु संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समितिको प्रमुख दायित्व हुन्छ साथै शेयर सदस्यहरु पनि अग्रसर हुनुपर्ने हुन्छ । आफु आवद्ध भएको सहकारी संघ/संस्थामा साधारण सभा नभएमा त्यसको कारण सहित नियमनकारी निकायमा सूचित गर्नु सबै शेयर सदस्यहरुको कर्तव्य हुन आउँछ ।

सहकारी संघ/संस्थामा कुनै प्रकारको समस्या आउन नदिनका लागि सबैले आ-आफ्नो कर्तव्य र दायित्व पुरा गर्नुहुन अनुरोध गरिन्छ ।

**प्रतिवेदनमा संलग्न गर्नुपर्ने कागजातहरु:**

- आधिकारिक पत्र
- साधारण सभाको उपस्थिति र निर्णय
- आ.व २०७९/८० को लेखा परिक्षण प्रतिवेदन
- आ.व २०७९/८० को कर चुक्ता प्रमाणपत्र
- COPOMIS मा समष्टिगत प्रतिवेदन प्रविष्टी गरेको प्रमाण ( आवद्धता नं.)
- सहकारी प्रवर्द्धन कोषमा रकम जम्मा गरेको भौचर
- अधिवेशन समेत भएको भए निर्वाचित सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको तीनपुस्ते विवरण र नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा कार्यक्षेत्रभित्र बसोबास भएको खुल्ने कागजात ।

**द्रष्टव्य:** सहकारी प्रवर्द्धन कोषको खाता नं, सञ्चालकको तीन पुस्ते विवरणको नमूना र साधारण सभाको प्रतिवेदन पेश गर्ने संघ/संस्थाको विवरण यस कार्यालयको वेवसाईट cro.lumbini.gov.np बाट प्राप्त गर्न सकिन्छ ।

०८१/२/२८

प्रेम बहादुर कुँवर

(दर्ता अधिकारी) दर्ता अधिकारी


Email- oocr.lumbini@gmail.com

CamScanner